**पाणिनी गाउँपालिका, अर्घाखाँचीद्धारा प्रकाशित**

# स्थानीय राजपत्र

**खण्ड ७) अर्घाखाँची, बैसाख ०७ गते, २०८० (संख्या १**

**भाग-१**

**पाणिनी गाउँपालिका, अर्घाखाँची**

## पाणिनी गाउँपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०

गाउँ सभाबाट स्वीकृत मितिः २०८०/०१/०७

**प्रस्तावना :**

साविक स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम स्थायी नियुक्ती भई साविक स्थानीय निकाय (गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समिति) मा कार्यरत रही कर्मचारी समायोजन ऐन, २०७५ एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम पाणिनी गाउँपालिकामा समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन तथा वृत्ति विकासका अवसरहरु उपलब्ध गराउन आवश्यक भइ

कर्मचारी समायोजन ऐन, २०७५ को दफा २३ बमोजिमको मापदण्ड बनाई कर्मचारीको मनोबल उच्च बनाउनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम पाणिनी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**(१) यस ऐनको नाम "पाणिनी गाउँपालिकामा साविक स्थानीय निकायहरुबाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०" रहेको छ।

(२) यो ऐन गाउँसभाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषा :**बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्दछ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(ग) "कर्मचारी" भन्नाले यस ऐनको प्रयोजनका लागि साविक स्थानीय निकायहरुबाट पाणिनी गाउँपालिकामा समायोजन भएका स्थायी कर्मचारीहरु सम्झनु पर्दछ।

(घ) "स्थानीय तह"भन्नाले पाणिनी गाउँपालिकालाई सम्झनु पर्दछ।

(ङ) "स्थानीय निकाय" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम गठन भएका साबिक गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समितिलाई सम्झनु पर्दछ।

(च) "न्यूनतम शैक्षिक योग्यता" भन्नाले तह वृद्धि हुने तहभन्दा एक तह मूनिको तहको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता सम्झनु पर्दछ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले पाणिनी गाउँपालिकाका गाउँ कार्यपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ज) “स्वतः समायोजन” भन्नाले साविक स्थानीय निकायबाट पाणिनी गाउँपालिकामा समायोजन भएका स्थायी कर्मचारीहरुलाई सम्झनु पर्दछ।

(झ) “प्रोत्साहन सुविधा” भन्नाले साविक स्थानीय निकायहरुबाट स्थानीय तह पाणिनी गाउँपालिकामा समायोजन भएका स्थायी कर्मचारीहरुलाई यसै ऐनको दफा ४ बमोजिम उपलब्ध हुने तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थप समेतलाई सम्झनु पर्दछ।

**३. संगठन तथा कर्मचारी दरबन्दी :**

(१) स्थानीय तहमा सेवा प्रवाहका लागि आबश्यक पर्ने संगठन संरचना तथा कर्मचारी दरबन्दी नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृत गरेबमोजिम हुनेछ।

**४. प्रोत्साहन सुविधा उपलब्ध गराउने :** (१) यस दफाको उपदफा (४) मा तोकिएको मापदण्ड पुरा गरेका कर्मचारीलाई एक पटकका लागि तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थप मध्ये कुनै एक प्रोत्साहन सुविधा उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिमको प्रोत्साहन सुविधा उपलब्ध गराउँदा सुरु नियुक्ति पदको, शैक्षिक योग्यता, सेवा अवधि र कार्यसम्पादन मूल्याङ्कन समेतलाई आधार बनाईनेछ।

(३) उपदफा (१) बमोजिम स्तरवृद्धि वा तहवृद्धि वा ग्रेडथप गर्दा पछिल्लो ३ वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत न्यूनतम ९० प्रतिशत अङ्ग प्राप्त गरेको हुनुपर्नेछ।

(४) उपदफा (१) बमोजिम तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थप गर्दा देहायको मापदण्डको आधारमा गर्नु पर्नेछ।

| **हालको तह** | **मापदण्ड** | **कायम हुने तह/स्तर** | **अन्य प्रोत्साहन** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| का.स, सवारी चालक (हलुका र हेभी) माली, स्वीपर, सरसफाइकर्मी, फायरमेन | ५ वर्ष सेवा अवधि नपुगेको। | सोही तह | 2 ग्रेड थप |
| | ५ वर्ष भन्दा बढी सेवा अवधि भएको 10 वर्ष नपुगेको | सोही तह | 2 ग्रेड थप |
| | 10 वर्ष भन्दा बढी सेवा अवधि पुगेको | सोही तह | २ ग्रेड थप |
| सहायकस्तर चौथो | ५ वर्ष सेवा अवधि नपुगेको। | सोही तहमा | २ ग्रेड थप |
| | चौथो तहमा ५ वर्ष सेवा अवधि भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको | सोही तहमा | २ ग्रेड थप |
| | चौथो तहमा ५ वर्ष सेवा अवधि पुगेको र न्यूनतम शैक्षिक योग्यता भएको | सहायक स्तर पाँचौँ तह | - |
| सहायकस्तर पाचौं | ५ बर्ष सेवा अवधि नपुगेको। | सोही तहमा | 2 ग्रेड थप |
| | पाँचौँ तहमा ५ वर्ष सेवा अवधि पुगेको तर न्यूनतम शैक्षिक योग्यता नभएको | सोही तहमा | २ ग्रेड थप |
| | पाँचौँ तहमा ५ वर्ष भन्दा बढी सेवा अवधि भएको र न्यूनतम शैक्षिक योग्यता भएको | अधिकृतस्तर छैटौँ तह | - |
| अधिकृतस्तर | अधिकृतस्तर छैटौँ तहमा 5 बर्ष सेवा अवधि नपुगेको। | सोही तहमा | 2 ग्रेड थप |
| | अधिकृतस्तर छैटौँ तहमा ५ वर्षभन्दा बढी सेवा अवधि भएको र न्यूनतम शैक्षिक योग्यता नभएको | सोही तहमा | 2 ग्रेड थप |
| | अधिकृतस्तर छैटौँ तहमा ५ वर्ष | अधिकृतस्तर सातौं | - |

| | | | |
|---|---|---|---|
| छैटौँ | भन्दा बढी सेवा अवधि भएको र न्यूनतम शैक्षिक योग्यता भएको | | |

(५) सेवा अवधि गणना गर्दा सम्बन्धित पदमा सुरु नियुक्ति भएको वा बढुवा नियुक्ति भएको मितिबाट ५ वर्ष पुगेको अवधिलाई गणना गरिनेछ।
(६) यस ऐनमा उल्लिखित मापदण्ड पुगेका स्तरवृद्धि वा तहवृद्धि हुने कर्मचारी र ग्रेड थप लिन चाहने कर्मचारीलाइ उक्त सुविधा लिन यो ऐन जारी भएको मितिले ७ (सात) दिनभित्र गाउँपालिकाले ७ (सात) दिनको म्याद दिइ दरखास्त दिन सूचना प्रकाशन गर्नेछ।
(७) यस ऐन बमोजिम कर्मचारीको स्तरवृद्धि वा तहवृद्धि वा ग्रेड थपको लागि सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछ।
क. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - संयोजक
ख. आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
ग. प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख - सदस्य सचिव
(८) उपदफा (७) बमोजिम प्राप्त दरखास्त उपर यस ऐनमा तोकिएको मापदण्ड पूरा भएको देखिएमा उपदफा (७) बमोजिमको समितिको सिफारिसमा दरखास्त दिने म्याद सकिएको १५ (पन्ध्र) दिनभित्र गाउँपालिकाले प्रोत्साहन सुविधासम्बन्धी पत्र (स्तरवृद्धि वा तहवृद्धि वा ग्रेड थप) सम्बन्धित कर्मचारीलाई उपलब्ध गराउनेछ।
(9) यस ऐन बमोजिम उपलब्ध गराईएको थप ग्रेड प्रचलित कानुन बमोजिम त्यस्तो कर्मचारीले पाउने अधिकतम् ग्रेडभन्दा बढी भए पनि उपलब्ध गराइनेछ।
**५. प्रोत्साहन सुविधासम्बन्धी पत्र उपलब्ध गराउने :** (१) यो ऐन बमोजिमको प्रोत्साहन सुविधा (स्तरवृद्धि वा तह वृद्धि वा ग्रेड थप) सम्बन्धी पत्र प्रमुख प्रशासकीय अधिकृतले उपलब्ध गराउनेछ।

(२) दफा ४ (क) बमोजिम तह वृद्धि वा स्तरवृद्धि वा ग्रेड थपको जानकारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लुम्बिनी प्रदेश र प्रदेश लोक सेवा आयोग लुम्बिनीलाई दिनु पर्नेछ।

**६. यसै ऐन बमोजिम हुने :**

(१) यस ऐनमा लेखिएको कुराको हकमा यसै बमोजिम र सो बाहेक अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**7. जेष्ठता गणनाः** (1) कर्मचारी समायोजन ऐन, 2075 को दफा 6 को उपदफा (4) मा भएको व्यवस्था बमोजिम सम्बन्धित पदमा समायोजन भएको पत्रको मिति देखि जेष्ठता कायम गरिनेछ।

**८.विविधः** स्थानीय तहमा समायोजन भएका साविक स्थानीय निकायका कर्मचारी सम्बन्धमा नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारले छुट्टै कानुनी व्यवस्था गरेमा सोही बमोजिम हुनेछ।

**९. खारेजी र बचाउः** (1) यो ऐन बमोजिम सुविधा पाउने कर्मचारीहरुले एकपटक यो सुविधा प्राप्त गरेपछि यो ऐन स्वतः खारेज हुनेछ।

(2) यो ऐन नेपाल कानुन तथा प्रदेश कानुन र अन्य प्रचलित नेपाल कानुनसँग बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

प्रमाणिकरण मितिः२०८०/०१/१०

आज्ञाले
हुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत